# नेपाल गजेट

## नेपाल सरकारद्धारा प्रकाशित

### काठमाडौं फाल्गुन २० गते ०८ साल

### भाग १

### प्रधानमन्त्रालय राज्यव्यवस्थाको विज्ञप्ति

विधानपरिषद् सकभर चाँडो खडा गर्ने सरकारको नीति छ। यो सभाका सदस्यको निर्वाचन स्वतन्त्र र निस्पक्ष हिसाबले होस् भनी नेपाल अन्तरीम शासन-विधान २००७ सालको दफा ४२ अनुसार निर्वाचन कमिशन खडा भएको छ। निर्वाचनको प्रबन्धसम्बन्धमा निर्वाचन कमिश्नरले लेख्नुभएबमोजिमको काम सकभर छिटो तामेल गर्नु गराउनुहोला। विधानपरिषद्को निर्वाचनको काम अहिले हाम्रो मुलुकको निमित्त अत्यन्त महत्वको छ। यसमा बिलकुल सुस्ती हुन हुँदैन भनी पहाड मध्येशका गौंडा, गडी, गोस्वाराहरू सबैलाई लेखिगएको छ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।